भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा युवा तथा खेलकुद शाखा)

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. शिक्षा ०७९/०८० मितिः २०७९/१२/०५
च.नं.: १०२०

विषयः परिपत्र सम्बन्धमा।

उपरोक्त सम्बन्धमा मिति २०७९/१२/०६ देखी भूमे गाउँपालिका स्तरीय सञ्चालन तथा व्यवस्थापन हुने आधारभूत तह उतीर्ण परीक्षा (कक्षा ८)- २०७९ लाई स्वतन्त्र, निष्पक्ष भयरहित र पक्षपातरहित बनाउने सम्बन्धमा केन्द्राध्यक्ष, निरीक्षक, कर्मचारी, परीक्षार्थी र अन्य व्यक्तिहरुको हकमा तपसिल बमोजिमको व्यवस्था भएको हुनाले सोही बमोजिम गर्नु/गराउनु हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

तपसिल

१. परिक्षामा खटिएको निरीक्षक र कर्मचारीहरुले अमर्यादित क्रियाकलाप गरे/ गराएको अवस्थामा सम्बन्धित केन्द्राध्यक्षले जिम्मेवारीबाट हटाई कारवाहीका लागि परीक्षा समितिलाई सिफारिस गर्ने ।

२. केन्द्राध्यक्षले अमर्यादित क्रियाकलाप गरे/गराएको खण्डमा परीक्षा समितको निर्णय अनुसार आवश्यक कारवाही हुने ।

३. परीक्षार्थीले केन्द्राध्यक्ष तथा निरीक्षकलाई सामान्य दुर्व्यवहार गरेमा अथवा केन्द्राध्यक्ष र निरीक्षकको निर्देशन पालना नगरेमा केन्द्राध्यक्षले उक्त परीक्षार्थीलाई २० मिनेट परीक्षाबाट वञ्चित गर्ने र २० मिनेट पश्चात परिक्षार्थीलाई परीक्षामा समावेश गराउने ।

४. परीक्षार्थीले उत्तरपुस्तिका र प्रश्नपत्र च्यात्ने कार्य गरेमा उक्त परीक्षार्थीको सोही दिनको परीक्षा रद्ध गरी केन्द्राध्यक्षले परीक्षाबाट निष्कासन गर्ने ।

५. परीक्षार्थीले केन्द्राध्यक्ष र निरीक्षक उपर भौतिक रुपमा आक्रमण गरेमा केन्द्राध्यक्षले मुचुल्का खडा गरी उक्त परीक्षार्थीलाई सम्पूर्ण विषयको परीक्षाबाट निष्काशन गर्ने ।

६. परीक्षाथीले चिट (नक्कल गर्न मिल्ने समाग्री) राखेको भेटिएमा उक्त परीक्षार्थीलाई ५ मिनेट सम्म परीक्षाबाट वञ्चित गराउने ।

७. परीक्षार्थीले मोबाइल लगायत डिजिटल समाग्री राखेको भेटिएमा १० मिनेट परीक्षाबाट वञ्चित गराउने ।

८. परीक्षार्थीले परीक्षा दिन असमर्थ भएमा सहयोगीको रुपमा सम्बन्धित विद्यालयको कक्षा-७ सम्म नियमित अध्ययनरत विद्यार्थीको परिचयपत्र र परीक्षार्थीको अशक्तता खुल्ने परिचयपत्र संलग्न राखी सम्बन्धित केन्द्राध्यक्षले सहयोगीको रुपमा परीक्षा दिन अनुमति प्रदान गर्ने ।

२०७९/१२/०५
कौशल कुमार तिवारी
अधिकृत/शाखा प्रमुख